नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**तराई-मधेश समृद्धि कार्यक्रम**

केन्द्रीय समन्वय इकाई

सिंहदरबार, काठमाडौं

प.सः ०८०/८१

च.नं:- २२६

मितिः२०८०।०९।०४

श्री स्थानीय तहहरु

(तराई-मधेश समृद्धि कार्यक्रम लागू भएका २२ जिल्लाका सम्वन्धित स्थानीय तहहरु सवै )

विषय :- तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० बमोजिम देहायका विषयमा देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

१.तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को दफा १० (ख) मा " स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमको मासिक, त्रैमासिक र बार्षिक प्रगति प्रतिवेदन अनुसूचि-४ बमोजिम केन्द्रीय समन्वय इकाईमा नियमित रुपमा पठाउनु पर्नेछ " भन्ने उल्लेख भएको सन्दर्भमा सो व्यवस्था बमोजिमको मंसिर मसान्त सम्मको प्रगति विवरण यहि पौष ११, २०८० सम्ममा अनिवार्य रुपमा पठाउनु हुन ।

२. तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को दफा ९ (५) मा "स्वीकृत भएका आयोजना स्थानीय तहले मंसिर मसान्त सम्म पनि कार्यान्वयनको कुनै प्रकृया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजनाहरुलाई खारेज गर्न सक्ने" व्यवस्था भएको हुँदा मंसिर मसान्त सम्म कार्यान्वयनको कुनै प्रकृया शुरु नभएका आयोजनाहरु खारेजीका लागि लेखि पठाउनु हुन ।

३. तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को दफा ९ (१) मा "कार्यक्रम लागू हुने स्थानीय तहले प्रत्येक माघ मसान्त सम्म यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सम्भावित आयोजनाको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा पेश गर्ने व्यवस्था बमोजिम आगामी आ.व २०८१/८२ का लागि तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सम्भावित आयोजनाको प्रस्ताव २०८० माघ मसान्त भित्रमा तराई-मधेश समृद्धि कार्यक्रम,केन्द्रीय समन्वय इकाई, सिहंदरबारमा पठाईसक्नु हुन ।

२०८०।९।४

रेणुका शाह

शाखा अधिकृत

**बोधार्थ**

सुचना तथा प्रविधि शाखा, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

Website मा Upload गरिदिनु हुन ।

' व्यावसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन '

फोन नं.०१-४२०००८, ४२००११४, ४२०००३८ Email : mofaga.tmpp@gmail.com Web : tmpp.mofaga.gov.np